STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १२१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ १ गते शनिबार ❑ 15 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## प्रधानमन्त्री ओलीबाट तेस्रो कार्यकालको शपथ

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ बैशाख**

राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष नवनियुक्त प्रधानमन्त्री केपी शर्मा ओलीले शुक्रबार राष्ट्रपति भवन, शीतल निवासमा आयोजित विशेष समारोहमा पद तथा गोपनीयताको शपथ लिएका छन्।

संविधानको धारा ७६ को (३) बमोजिम प्रतिनिधिसभामा ठूलो दल नेकपा (एमाले) संसदीय दलका नेता ओली प्रधानमन्त्रीमा नियुक्त भएका हुन् । शपथ ग्रहण समारोहमा उपराष्ट्रपति, प्रधानन्यायाधीश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, संवैधानिक अंगका प्रमुखलगायत सहभागी भएका थिए। राष्ट्रपतिबाट नेपालको संविधानको धारा ७६ को उपधारा



(२) बमोजिम प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलका समर्थनमा बहुमतप्राप्त गर्न सक्ने प्रतिनिधिसभा सदस्यलाई बिहीबार साँझ ९ बजेभित्र नयाँ प्रधानमन्त्रीका लागि दावी पेश गर्न यही वैशाख २७ गते तीन दिनको समयसीमा तोकेर आह्वान गरिए पनि समयावधिमा नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) लगायत दल असफल भएका थिए । प्रधानमन्त्री ओलीको यो तेस्रो प्रधानमन्त्रित्व काल हो।

यसै गरी प्रधानमन्त्री ओलीले शुक्रबार नै विस्तार गरेको मन्त्रिमण्डलमा सबै यसअघिकै सरकारका सदस्यहरू रहेका छन् । राष्ट्रपति विद्यादेवी भण्डारीबाट प्रतिनिधिसभाको ठूलो दलका नेताका हैसियतमा संविधानको धारा ७६ को उपधारा (३) बमोजिम बिहीबार नियुक्त प्रधानमन्त्री ओलीले रक्षा मन्त्रालयको जिम्मेवारी आफूले सम्हालेका छन् भने उपप्रधानमन्त्री ईश्वर पोखरेललाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मन्त्रीमा पुनः नियुक्त गरेका छन्।

विस्तारित मन्त्रिपरिषद्मा २२ मन्त्री र तीन राज्यमन्त्री रहेका छन् । नियुक्तमध्ये २० मन्त्री र दुई राज्यमन्त्रीले शुक्रबारनै पद तथा गोपनीयताको सपथ लिएका छन्।

## गण्डकीमा थपिए ६८० संक्रमित, २३ को मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ बैशाख**

गण्डकी प्रदेशमा थप ६ सय ८० जनामा संक्रमण पुष्टि भएको छ।

पछिल्लो २४ घण्टामा १ हजार ७ सय ५८ जनाको नमूना परिक्षण गर्दा प्रदेशका ९ जिल्लामा गरी थप ६ सय ८० जनामा संक्रमण पुष्टि भएको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ । नयाँ संक्रमितमा कास्की ३ सय ६ जना, नवलपरासी पूर्वमा ८७ जना, गोरखामा ७४ जना, पर्वतमा ६१ जना र म्याग्दीमा ५२ जना रहेका छन्। त्यस्तै लमजुङमा ४६ जना, तनहुँमा २७ जना, स्याङजामा २३ जना र बागलुङमा ४ जनामा संक्रमण पुष्टि भएको निर्देशनालयले जनाएको छ। योसँगै प्रदेशमा कुल कोरोना संक्रमितको संख्या २६ हजार ६ सय ३३ पुगेको छ।

त्यस्तै गएको २४ घण्टामा प्रदेशका विभिन्न जिल्लामा गरी थप ४ सय ३१ जना संक्रमण मुक्त भएका छन्। योसँगै कोरोना संक्रमण मुक्त हुनेको संख्या १९ हजार ३५ रहेको छ । हाल प्रदेशमा ७ हजार २ सय ५७ जना कोरोनाका सक्रिय बिरामी छन्।

पछिल्लो २४ घण्टामा प्रदेशका विभिन्न जिल्लाका अस्पतालमा उपचाररत थप २३ जनाको संक्रमणबाट मृत्यु भएको छ । मृत्यु हुनेमा सबैभन्दा बढी कास्कीको पोखराका १० जना रहेका छन् भने अन्य तनहुँ, बाग्लुङ, स्याङजा र पाल्पा जिल्लाका रहेका छन् । योसँगै प्रदेशमा हालसम्म कोरोनाबाट ३ सय ४१ जनाको मृत्यु भएको छ।

हाल प्रदेशभर ७ हजार ११ जना होम आइसोलेसनमा बसेका छन्।

## कास्कीमा निषेधाज्ञा एक साता थप

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ बैशाख**

नयाँ भेरियन्टसहितको कोरोना भाइरस सङ्क्रमणको फैलावट रोक्न जिल्ला प्रशासन कार्यालय कास्कीले गत वैशाख १७ गतेदेखि जिल्लामा लागू गरेको निषेधाज्ञाको अवधि पुनः एक साता थप गरिएको छ।

पहिलोपटक वैशाख १५ देखि २१ गतेसम्म लगाइएको निषेधाज्ञा

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## कोरोना संक्रमणबाट एकैदिन २०३ जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ बैशाख**

कोरोनाभाइरस संक्रमणबाट एकैदिन २०३ जनाको मृत्यु भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा २०३ जनाको मृत्यु भएको हो।

यससँगै नेपालमा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या ४ हजार ६६९ पुगेको छ । पछिल्लो २४ घण्टामा २० हजार ९९८ पीसीआर र ५३० एन्टिजेन परीक्षणमा ८ हजार ५२० जनामा संक्रमण पुष्टि भएको छ । यससँगै नेपालमा कोरोना भाइरस संक्रमितको संख्या ४ लाख ३९ हजार ६५८ पुगेको छ । तीमध्ये सक्रिय संक्रमितको संख्या १ लाख ७ हजार ३३६ पुगेको छ।

सक्रिय संक्रमितमध्ये ९८ हजार ८६९ जना होम आइसोलेसनमा र ८ हजार ४६७ जना संस्थागत आइसोलेसनमा छन् । त्यस्तै १ हजार ३३४ जना आईसीयूमा र ३७१ जना भेन्टिलेटरमा छन्। पछिल्लो २४ घण्टामा ६ हजार १३५ जना कोरोनाभाइरस संक्रमणमुक्त भएका छन्। हालसम्म संक्रमणमुक्त हुनेको संख्या ३ लाख २७ हजार ६५३ पुगेको छ। स्वास्थ्य मन्त्रालयका अनुसार सबैभन्दा धेरै काठमाडौंमा २ हजार ४५८, ललितपुरमा ५५६, रूपन्देहीमा ५५२, मोरङमा ४३४ र भक्तपुरमा ३३५ जना कोरोना संक्रमित थपिएका छन्।

यस्तै ९ वर्ष मुनिका १९२ बालबालिकामा कोरोना संक्रमण पुष्टि भएको छ भने १० देखि १९ वर्ष उमेर समूहका ५१० जनामा कोरोना संक्रमण देखिएको छ।

## सूचनामा अपाङ्गताको पहुँच ७३ प्रतिशत मात्र

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ बैशाख**

कोभिड -१९, को महामारीको समयमा अपाङ्गता भएका व्यक्तिहरुको अवस्थाको पहिचान र सूचना, सञ्चार तथा सेवा सुविधाको पहुँचको अवस्थाको बारेमा गरिएको द्रुत लेखाजोखा प्रतिवेदन सार्वजनिक गरिएको छ।

स्वाबलम्बन जीवनपद्धती केन्द्र-पोखराको आयोजनामा आज पोखरामा भर्चुअल माध्यमबाट उक्त प्रतिवेदन सार्वजनिक गरिएको हो । प्रतिवेदनले अपाङ्गता भएका व्यक्तिहरुमा पहुँचयुक्त ढाँचामा सूचना पाउने ७२.९९ प्रतिशत रहेको र २७.०१ ले सुलभ र पहुँचयुक्त ढाँचामा सूचना नपाएको बताएका छन्।

विशेष गरी अटिजम, मानसिक तथा मनोसामाजिक अपाङ्गता र बौद्धिक अपाङ्गता र पूर्ण अशक्त भइ जटिल समस्याका भएका अपाङ्गता भएका व्यक्तिहरु सूचनाको पहुँचबाट वञ्चित भएको प्रतिवेदनको तथ्याङ्कले देखाएको छ। कोभिड १९ को महामारीमा अपाङ्गता भएका व्यक्तिको अवस्था पहिचानसँगै सूचना र सञ्चारको पहुँच कस्तो रहेको छ भन्ने विषय माथि केन्द्रित रहेर सर्वेक्षण गरिएको केन्द्रका महासचिव अन्जना केसीले जानकारी दिइन। केसीका अनुसार कोभिड १९ को महामारीको समयमा अपाङ्गता भएका समुदायको सदस्यका समस्या पहिचान गरी सरकारको जिम्मेवारी, प्रभावकारितालाई सही तरिकाले बुझ्न र भावी नीति तथा कार्यक्रम निर्माण गर्दा सघाऊ पुग्ने उद्दश्यले कार्यक्रमको आयोजना गरिएको जानकारी दिइन। कार्यक्रम संयोजक सन्तोष गुरुङले उक्त प्रतिवेदन प्रस्तुत गरेका थिए । सर्वेक्षणमा प्राथमिक उत्तरदाताको रूपमा कास्की जिल्लाको चार वटा गाउँपालिका, एक महानगरपालिकामा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिलाई लिइएको थियो । पाँच स्थानीय तहबाट एकसय ४ महिला र ६९ पुरुषको अन्तरवार्ता लिइ जानकारी संकलन गरिएको थियो । द्रुत मुल्याङ्कनको क्रममा शारीरिक अपाङ्गता भएका व्यक्तिहरू सबै भन्दा बढी २७.५९%, दोस्रोमा बहुअपाङ्गता भएका व्यक्ति १७.४, हेराई र सुनाईसँग सम्बन्धित क्रमश ११.४९ र १०.३४ प्रतिशत, मनोसामाजिक अपाङ्गता भएका ९.७७ साथै स्वर तथा बोलाईसँग सम्बन्धित ८.०५, अटिज्म ६.९, बौद्धिक ५.७५, श्रवणदृष्टिविहीन सम्बन्धी १.७२ र हेमोफिलिया भएका व्यक्तिहरू १.१५५ रहेको प्रतिवेदनमा छ। कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव विनोद बहादुर कुँवरले १० प्रकारका अपाङ्गता भएकालाई एउटै विधि र पद्धतिले काम नगर्ने भएकाले सबैको अवस्था र प्राथमिकतालाई ध्यान दिएर पहुँचयुक्त सेवामा जोड दिनुपर्ने बताए । राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेशका अध्यक्ष खोमराज शर्माले नीतिगत रुपमै अपाङ्गगता भएकाहरुको मुद्दालाई समेटेर व्यवहारमा कार्यान्वयन गर्नुपर्नेमा बताए । उक्त भर्चुअल कार्यक्रममा चारै गाउँपालिकाका प्रमुख एवम प्रतिनिधिहरुले स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिहरुलाई सूचना र सञ्चार एवं सेवा सुविधामा पहुँच सुनिश्चित गर्न विशेष प्राथमिकता दिने प्रतिवद्धता व्यक्त गरेका थिए।

केन्द्रका अध्यक्ष हेम गुरुङलले जारी निषेधाज्ञाका कारणले अपाङ्गता भएका व्यक्तिहरु अत्यावश्यक सेवाबाट वञ्चित हुनुपरेको यथार्थ प्रस्तुत गरे। उनले नियमित स्वास्थ्य सेवा, औषधी, परामर्श सेवा, स्वास्थ्य तथा सरसफाइ सम्बन्धी सामग्री र नियमित उपचारमा समस्या भएको उल्लेख गर्दै यथासक्य यस्ता समस्या समाधानका लागि सरोकारवाला निकायलाई विशेष ध्यान दिन आग्रह

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

ADMISSION OPEN for the Academic Year 2078
FISHTAIL ACADEMY
SECONDARY SCHOOL
FROM KINDERGARTEN TO GRADE 10
FISHTAIL ACADEMY, which has a long-standing history and reputation for quality education, is relocating all its classes from Grade 1 (One) to 12 (Twelve) to its new School Complex, Tallo Birauta, Pokhara-17. The school has developed a world-class infrastructure supported by state-of-the-art facilities and aims at providing high quality education based on teaching-learning approaches that emphasize the holistic development of students. Come and experience with us.
COMMITTED TO ACADEMIC EXCELLENCE
OUR CORE STRENGTHS
World-class infrastructure supported by state-of-the-art facilities
Emphasis on hands-on learning experiences
ICT enabled classrooms and modern & well equipped labs
Dedicated, highly qualified and experienced teachers
Diverse extra-curricular activities and co-curricular activities
Half Olympic size swimming pool & well developed sports facility


Fishtail Marga, Tallo Birauta, Pokhara-17
T: 061-461116 / M: 9805202267
For further details, kindly visit the school website
www.fass.edu.np

# निषेधाज्ञाकै समयमा पोखरा फुटबल स्टेडियमको बाँकी कामको निर्माण सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ बैशाख**

पोखरा फुटबल स्टेडियमको बाँकी रहेको निर्माण कार्य पोखरा सहित कास्कीमा हाल जारी निषेधाज्ञाकै समयमा सुरु भएको छ।

कोरोनाको समयमा विकास निर्माणलाई आफुहरुले आवश्यक स्वास्थ्य मापदण्ड पालना गरी पोखरा रंगशालाको अधुरा काम यही समयमा सुरु गरिएको राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेश कुमार गुरुङले बताए।

उनले भने "म यस क्षेत्रको प्रतिनिधि भएको नाताले पनि कोरोना कालमा रंगशालामा र प्रदेशका ११ जिल्लामा भएका ठुला लगानीका खेलकुदका भौतिक संरचनाको अबस्थाको बारेमा बुझेर बाँकी रहेका कामलाई अघि बढाउन खोजेको छु।" रंगशालामा हाल भारत लगायतका करिब २५ जना मजदुरहरु कोरोनाकै समयमा अनिवार्य रुपमा पिसिआर परिक्षण गरेर नेगेटिभ नतिजा आएकाहरुलाई काममा लगाइएको सदस्य गुरुङले बताए। राखेपले उनलाई प्रदेशका खेलकुदको भौतिक संरचनाहरुको रेखदेर र व्यबस्थापनको लागि जिम्मा दिएसंगै कोरोना कालमै केही नतिजा आउने गरी काम गर्ने लक्ष्यका साथ अघि बढेको गुरुङले जनाए। पोखरा फुटवल स्टेडिएमको हालसम्म करिब ८५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको निर्माण कम्पनीका प्रोजेक्ट म्यानेजर ई. दीपक बरालले बताए। उनका अनुसार हाल प्रि–इन्जिनीयरिङ विल्डिङ (पिईबी) र ट्रस सहितको छानो हाल्ने काम सुरु भएको छ। २५ जना मजदुर सहित क्रेनको सहायतामा उक्त निर्माण कार्य सुरु भएको इं बरालले बताए। भिआईपि प्यारापिट तर्फको भागमा करिब ६६ मिटर वाई १२ मिटरमा छानो हाल्न डेढ महिना जसो लाग्ने भएको इ.बरालले जनाए।

उक्त फुटवल स्टेडिएमको अन्तिम फिनिसिङ गर्न छानो सहित सौचालय सहितको काम सक्न करिब ६ महिनाको समय सिमा लाग्ने भएको उनले जनाए। नेपालमा भएको १३ औं दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग) को समयमा सक्नु पर्ने उक्त योजना प्राविधिक कारणले गर्दा ढिलाई भएकोमा गत बर्ष पनि कोरोनाले गर्दा प्रभावित भएको निर्माण कार्य यस बर्ष भने कोरोनाको बाबजुत आफुहरुले निर्माण कार्य अघि बढाएको बरालले जनाए।

पोखरा रंगशालाको चारै तर्फ गरी हालसम्म १६ हजार ५ सय सिट क्षमताको प्यारापिट सहितको हरियो दुवोको फुटवल मैदान तयारी अबस्थामा रहेको म्यानेजर इ. बरालले बताए। भारतीय कम्पनी ग्रेट स्पोर्टस एण्ड एम.ए कन्ट्रक्सन जावलाखेल ललितपुर (जे.भी.) कम्पनीले उक्त प्रोजेक्ट एक अर्ब २८ करोडको लागतमा निर्माण गर्ने गरी जिम्मा लिएको हो। नवौं राष्ट्रिय खेलकुद सम्भवत गण्डकी प्रदेशमा हुने भएकोले गर्दा निषेधाज्ञामा पनि उक्त पोखरा फुटवल स्टेडियम निर्माण कार्य अघि बढेको राखेप सदस्य गुरुङले जनाए।

# कोरोना महामारीको सहारा बन्दै नेलम्बो

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ बैशाख**



पोखरा स्थित नेलम्बो नेपालले कोरोना भाइरस बिरुद्धका स्वास्थ्य सुरक्षा सामग्री वितरण कार्यलाई जारी राखेको छ।

जसअन्तर्गत उक्त संस्थाले शुक्रवार पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र जिल्ला प्रहरी कार्यालय कास्कीलाई सामग्री सहयोग गरेको हो। प्रतिष्ठानलाई ६० हजार बराबरका २० थान पीपिई तथा प्रहरीलाई पीपिई १० थान, ग्लोब्स्, फेसशिल्ड, सनिटाइजर समेत गरी रु.३२ हजार बराबरका सामग्री उपलब्ध गराईएको हो। नेलम्बोका अध्यक्ष एकदेव देवकोटाले ति सामग्री पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक डा. अर्जुन आचार्य र प्रहरी उपरीक्षक जीवनकुमार श्रेष्ठलाई हस्तान्तरण गरे। त्यस अवसरमा धारणा राख्दै प्रतिष्ठानका निर्देशक डा. आचार्यले सहयोग प्रति आभार प्रकट गर्दै नेलम्बोसँग सहकार्य गर्दै जाने बताए। उनले प्राप्त सामग्रीको सदुपयोग गरिने विश्वास समेत दिलाए।

प्रहरी उपरीक्षक श्रेष्ठले महामारीको समयमा अग्रपङतिमा खटिनेहरुलाई लक्षित गरी नेलम्बोले सहयोग गर्दै आएको स्पष्ट पार्दै यसको मूल्याङकन आम समुदायले गरिरहेको औल्याए।

नेलम्बोका अध्यक्ष देवकोटाले सरकार, संघसंस्था र नागरिक बीचको हातेमालोबाट मात्रै महामारी विरुद्ध लड्न सकिने धारणा राखेका थिए। उनले प्रतिष्ठान र प्रहरीसँग सहकार्य गर्न संस्था तयार रहेको पनि स्पष्ट पारे। कार्यक्रमका बीच नेलम्बोका कार्यक्रम संयोजक डा. किसन कोइरालाले प्रदान गरिएका सामग्रीका बारेमा जानकारी गराउनु भएको थियो। यसैबीच उक्त संस्थाले पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा अक्सिजन प्लान्ट निर्माणका लागि रु.३ लाख तथा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कोभिड उपचारका लागि रु. ५ सहयोग गर्ने घोषणा पनि गरेको छ। त्यस्तै प्रदेश स्वास्थ्य निर्देशनालयसँग सहकार्य गरी प्रदेश स्थित जिल्ला अस्पतालहरुमा पनि पुग्ने योजना संस्थाको छ। चार वर्ष अघि स्थापित उक्त संस्थाले शिक्षा, स्वास्थ्य र वातावरणको क्षेत्रमा कार्य गर्दै आइरहेको छ। स्वास्थ्य अर्न्तगत पहिलो चरणमा पनि नेलम्बोले कोरोना भाइरस विरुद्धका स्वास्थ्य सुरक्षाका सामग्री स्थानीय तह, स्वास्थ्य संस्था, स्वास्थ्य कर्मी ,संचारकर्मी र सुरक्षा निकायलाई प्रदान गरेको थियो। उक्त संस्थाले यस महामारीमा खेलेको भूमिकाको आजकल नागरिक स्तरबाट समेत प्रशम्सा हुन थालेको छाकोरोना महामारी सुरु भएयता संस्थाले सयौं बढी संघसंस्था र नागरिकलाई स्वास्थ्य सुरक्षाका सामग्री प्रदान गरिसकेको छ।

# कोरोना परीक्षण गाउँमै

**पोखरापत्र संवाददाता**
**वालिङ, ३१ बैशाख**

स्याङ्जाको वालिङ नगरपालिकाले लक्षण देखिएका बिरामीको स्वाब परीक्षण तथा औषधि गाउँगाउँमै पुऱ्याउने गरेको छ।

नगरपालिकाले स्वास्थ्यसम्बन्धी मापदण्डलाई कार्यान्वयन गर्दै घरघरमै पुगेर लक्षण देखिएका बिरामीको स्वाबको नमूना परीक्षण तथा औषधि वितरण गरिँदै आएको नगरप्रमुख दिलीपप्रताप खाँणले बताए। "विश्वव्यापी महामारीका रूपमा फैलिएको नयाँ भेरियन्टसहितको कोभिड-१९ को सङ्क्रमण नगरपालिकाभित्र द्रूत गतिमा फैलिरहेको छ", नगरप्रमुख खाँणले भने, "सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका लागि जारी गरिएको निषेधाज्ञाका कारण घरघरमा रहेका नागरिकमा स्वास्थ्यसम्बन्धी समस्या देखिएपछि गाउँगाउँमै पुगेर स्वास्थ्य परीक्षण गर्नाका साथै आवश्यक औषधि दिने गरिएको छ।" नगरपालिकाका विभिन्न गाउँमा विवाह, व्रतबन्ध, चौरासी पूजामा सहभागी भएकामा सङ्क्रमण बढी फैलिएको उनले बताए। "गाउँगाउँबाट लक्षण देखिएपछि केही व्यक्ति गह्रौं प्राथमिक अस्पतालमा आएर एन्टिजिन विधिबाट स्वाबको परीक्षण गराउनुहुन्छ", उनले भने, "उहाँहरूमा सङ्क्रमण पुष्टि भएमा स्वास्थ्यकर्मीसहितको टोलीले गाउँमै पुगेर एन्टिजिन परीक्षण गर्ने र आवश्यक औषधि सोही ठाउँमा उपलब्ध गराउँदै आएका छौँ।"

होम आइसोलेशनमा बस्दा पालना गर्नुपर्ने नियमबारे सङ्क्रमितलाई जानकारी गराउने गरिएको नगरपालिकाका स्वास्थ्य शाखाप्रमुख एवं जनस्वास्थ्य निरीक्षक कमलप्रसाद पाण्डेले बताए। "हामीले स्वाब परीक्षण गरेपछि सङ्क्रमण देखिएकालाई औषधि दिएर होम आइसोलेशनमा बसाल्छौँ", उनले भने, "औषधि खाँदाखाँदै पनि श्वास फेर्न गाह्रो हुने लगायतका कुनै पनि थप समस्या देखिएमा हामीले तत्काल एम्बुलेन्समार्फत अस्पतालमा ल्याएर उपचार गर्छौं।" नगरपालिकाले वालिङस्थित प्राथमिक अस्पतालमा अक्सिजनसहितको सुविधासम्पन्न ३५ शय्याको आइसोलेशन सञ्चालनमा ल्याएको उनले बताए। "विवाह, पूजालगायत कार्य तथा विदेशबाट आएकामध्ये धेरैजसो अहिले आ-आफ्नै घरमा बस्नुभएको छ भने केही सङ्घसंस्था तथा विद्यालयमा बस्नुभएको छ", उनले भने, "सङ्क्रमितहरूलाई घर-घरमै पुगेर स्वास्थ्य अवस्थाबारे जानकारी लिने र औषधि वितरण गर्ने कार्यमा नगरप्रमुख, उपप्रमुख तथा अन्य जनप्रतिनिधि पनि सँगसँगै जाँदा सङ्क्रमितमा उत्साह थपिएको महसुस गरेका छौँ।" नगरपालिकाले होम आइसोलेशनमा रहेका नागरिकलाई टिपिओ नेपालको सहयोगमा दैनिक मनोसामाजिक परामर्श सेवा पनि उपलब्ध गराउँदै आएको छ।

# सञ्चारकर्मी पौडेलको निधनले अपुरणीय क्षति: माओवादी कास्की

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ बैशाख**

नेपाल कम्युनिष्ट पार्टी( माओवादी केन्द्र) कास्कीले गण्डकी टेलिभिजनमा कार्यरत सञ्चारकर्मी गणेश पौडेलको कोरोना भाइरस संक्रमणका कारण निधन भएकोमा आफ्नो पार्टी स्तब्ध भएको जनाएको छ।

पार्टीका जिल्ला सचिव बखानसिँह गुरुङले शुक्रबार शोक विज्ञप्ति जारी गरी पार्टी जिल्ला सदस्य समेत रहेका पौडेलको वैशाख ३० गते गण्डकी मेडिकल कलेज पोखरामा उपचारका क्रममा भएको निधनले पार्टीलाई अपुरणिय क्षति पुगेको उल्लेख गरेका छन्। स्व. पौडेलले कास्कीको कम्युनिस्ट आन्दोलनमा पुऱ्याएको योगदानको सदा स्मरण रहिरहने सो पार्टीले जनाएको छ। विज्ञप्तिमा दिवंगत पौडेलप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गरिएको छ।

"लामो समयदेखि पार्टीको विभिन्न जिम्मेवारीमा वाईसियल मोर्चामा, ट्रेड युनियन मोर्चामा, सञ्चार मोर्चामा अत्यन्त निष्ठापूर्वक सक्रियताका साथ डटिरहने एक असल योद्धा भौतिक रुपमा गुमाएका छौं।" विज्ञप्तिमा भनिएको छ।

# मुख्यमन्त्री गुरुङद्वारा इद-उल-फित्रको शुभकामना

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ बैशाख**

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले चाडपर्वले सामाजिक एकता, सद्भाव, धार्मिक सहिष्णुता कायम राख्दै राष्ट्रिय एकतालाई अझै मजबुत बनाउन महत्वपूर्ण योगदान दिँदै आएको बताएका छन्।

मुस्लिम समुदायको सांस्कृतिक पर्व इद-उल-फित्र-२०७८ को उपलक्ष्यमा उनले आज एक प्रेस विज्ञप्ति जारी गर्दै स्वदेश तथा विदेशमा रहनुभएका मुस्लिम समुदायलगायत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, आपसी सद्भाव, एकता, भातृत्व एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गरेका हुन्। शुभकामना सन्देशमा मुख्यमन्त्री गुरुङले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, वहुसांस्कृतिक एवं भौगोलिक विविधताले भरिपूर्ण हाम्रो देश संविधानतः धर्मनिरपेक्ष राष्ट्र घोषणा भएको सन्दर्भमा यस्ता विविधतायुक्त धार्मिक एवं सांस्कृतिक चाडपर्वले विविध धर्म संस्कृति मान्ने सम्पूर्ण नेपालीबीच भातृत्व कायम गर्ने विश्वास व्यक्त गरेका छन्। विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड-१९ को दोस्रो लहरबाट आक्रान्त भएका छौं।

## कास्कीमा...

दोस्रोपटक थप गरी वैशाख ३१ गते राति १२ बजेसम्म कायम गरिएकामा पुनः जेठ १ गते बिहान ५ देखि जेठ ७ गते राति १२ बजेसम्म निषेधाज्ञा थप गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको बैठकले जिल्लाभर लागू हुने गरी निषेधाज्ञाको अवधि थप गरेको प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले जानकारी दिनुभयो। प्रशासनले यस अवधिमा बिहानी तथा साँझको हिँडाइसमेत नगर्न र अत्यावश्यक काममा बाहेक घर बाहिर ननिस्कन सर्वसाधारणमा आदेश जारी गरेको छ।

निषेधाज्ञाका अवधिमा अत्यावश्यक सेवामा प्रयोग हुनेबाहेकका जिल्लाभित्र सञ्चालन हुने यात्रुबाहक सार्वजनिक तथा निजी सवारी साधन सञ्चालन गर्न रोक लगाइएको छ। यसबाहेक अन्य सभा, सम्मेलन, भेला गोष्ठी, शैक्षिक संस्था, धार्मिकस्थल, सिनेमा हल, पार्टीप्यालेस, रेष्टेरेन्टलगायत समेत सञ्चालनमा बन्देज गरिएको छ।

## सूचनामा...

गरे। सरकार र संघसंस्थाले कोभिड १९ को विषयमा काम गर्दै समावेशी र सुलभ तरिकाले सूचना प्रवाहका लागि सांकेतिक भाषा, अडियो, ब्रेल, क्याप्सनिङ्, चित्रमय तरिकाले पहुँचयुक्त सहज ढाँचा अवलम्बन गर्न उनको सुझाव थियो।

कार्यक्रममा मोविलिटी इन्टरनेशनल यूएसए (मियूसा) का कार्यक्रम व्यवस्थापक सुजान डन, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) का गण्डकी लुम्बिनी क्लष्टर प्रमुख सुदीप अर्याल, राष्ट्रिय मानव अधिकार आयोगका अधिकृत खिमलाल सुवेदी, इन्सेक गण्डकी प्रदेश संयोजक शिव खकुरेल, कोशिस नेपालका संयोजक कविन्द्र रेग्मी, लगायतले अपांगतामैत्री नीति र वातावरण निर्माणका विविध विषय माथि सुझावहरु दिएका थिए।

**स्वास्थ्य नै ठूलो धन हो।**
**कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं, संक्रमितहरुको उच्च मनोवल राख्न हौसला प्रदान गरौं।**

- कोभिड-१९ संक्रमित बिरामीहरुलाई अपहेलना नगरौं।
- बिरामीहरुको दैनिकीमा ध्यान दिऔं, उनीहरुसँग बोलेर, लेखेर वा हाउभाउको माध्यमबाट स्नेह गरौं।
- कोभिड-१९ संक्रमितहरुको उपचारमा खटिएका स्वास्थ्यकर्मी, सुरुक्षाकर्मीहरुको उच्च मनोबल कायम राख्न हौसला प्रदान गरौं।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


**वनजन्तु अपराध नियन्त्रण सम्बन्धी सूचना**

वन्यजन्तु पक्रने, शिकार गर्ने, आखेटोपहार राख्ने र ओसार पसार गर्ने कार्य गरेमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ बमोजिम पाँच लाखदेखि दश लाख रुपैँयासम्म जरीवाना वा पाचँ बर्षदेखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाँय हुनेछ। तसर्थ, उपरोक्त बमोजिमका निषेधित कार्यहरु नगर्न नगराउनु हुन सरोकारवाला सबैलाई हार्दिक अनुरोध छ।

**अनुरोधक**
**प्रदेश सरकार**
**उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय**
**गण्डकी प्रदेश, पोखरा**
**सम्पर्क नः** ०६१–४६७६५४, ०६१–४६७६६९, ०६१–४६७६७०
**इमेलः** moitfe4@gmail.com


**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग:** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# मिस्ट्रीखोलाको विद्युत् राष्ट्रिय प्रणालीमा जोडियो

पोखरापत्र संवाददाता
म्याग्दी, ३१ बैशाख

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा निर्माण भएको मिस्ट्रीखोला जलविद्युत् आयोजनाबाट उत्पादीत विद्युत् बिहिबारदेखि राष्ट्रिय प्रशारण लाइनमा जोडिएको छ।

माउन्टेन इनर्जी नेपालले निर्माण गरेको ४२ मेगावाट क्षमताको मिस्ट्रीखोलाले दाना सवस्टेशनमार्फत केन्द्रिय प्रणालीमा विद्युत् पठाएको हो। आयोजनाका आवासीय इञ्जिनियर दिवाकर खड्काले तीन वटै युनिटबाट उत्पादीत विद्युत् केन्द्रिय प्रणालीमा जोडिएको जानकारी दिनुभयो । "मिस्ट्रीखोलाबाट उत्पादीत विद्युत् सिम्क्रोनाइज गरेर केन्द्रिय प्रणालीमा जोडियो", उहाँले भन्नुभयो, "परीक्षणका लागि आयोजनाका सबै युनिट सञ्चालन गरेका छौं ।" परीक्षण उत्पादन र सवस्टेशनमा जोड्न नेपाल विद्युत् प्राधिकरणको प्राबिधिक टोली नारच्याङ आएको छ। नारच्याङको बेशीगाउँदेखि दानास्थित २२० केभी क्षमताको सवस्टेशन जोड्ने १३२ केभी क्षमताको ४ किलोमिटर प्रशारण लाइनको केही दिनअघि गरिएको परीक्षणसफल भएको थियो । परीक्षण उत्पादनको चरण दुई हप्ताको हुनेछ । पन्ध्र दिनसम्म प्राधिकरणलाई निःशुल्क विद्युत् दिएपछि आयोजनाबाट व्यापारिक उत्पादन शुरु गरिने आयोजना प्रमुख दिपककुमार शाहले बताउनुभयो । यसअघि २०७७ चैत १५ देखि विद्युत् उत्पादन शुरु गर्ने तालिका बनाए पनि आयोजना स्थलमा कार्यरत कर्मचारी तथा कामदार कोरोना सङ्क्रमित भएपछि करिब डेढ महिना पछाडी धकेलिएको हो । विसं २०७३ जेठ ३१ गतेदेखि निर्माण शुरु भएको आयोजनाले निलगिरि र घलेम्दी खोलाको दोभानमा २३ मिटर अग्लो बाँध बनाएको छ । दुई हजार २७०.५ मिटर सुरुङबाट ल्याएको पानी २५० मिटर उचाइबाट खसालेर विद्युत् उत्पादन गर्न एक हजार ५०० मिटर पेनस्टक पाइप जडान गरेको छ। बेशीगाउँस्थित कालीगण्डकी नदीको बायाँ किनारमा बनाएको विद्युतगृह नजिकै स्विचार्ड निर्माण गरेको छ। बाँध क्षेत्रमा ११५ मिटर लम्बाई, ८.५ मिटर चौडाई र १३ मिटर गहिराई भएको २ वटा भूमिगत बालुवा थिग्राउने पोखरी (क्यानल) बनाएको छ।

रु पाँच अरब ६४ करोडलागत अनुमान गरिएको आयोजनाको प्रतिमेगावाट लागत रु १३ करोड ४३ लाख रहेको छ। यो स्वदेशी लगानीमा निजी क्षेत्रले सम्पन्न गरेको अहिलेसम्मको ठूलो जलविद्युत् आयोजना पनि हो।

प्रवर्द्धक बाहेक नेपाल ईन्भेष्टमेन्ट बैङ्कले रु ७० करोड, जलविद्युत् विकास कम्पनीले रु एक अरब र नेपाल बैंकले रु ५० करोड ऋण लगानी गरेका छन्। यसैगरी नविल बैंकले रु एक अरब, लक्ष्मी बैंकले रु ४० करोड, सिद्धार्थ बैंकले रु ३० करोड र एस डेभलभमेन्ट बैंकको रु ३० करोड ऋण लगानी रहेको छ।

आयोजना निर्माण स्थल नारच्याङका बासिन्दालाई सात लाख तीन हजार ५१२ र प्रभावित क्षेत्रमा पर्ने अन्नपूर्ण गाउँपालिकाका अन्य ७ वटा वडाका बासिन्दाहरूलाई दश लाख कित्ता सेयर बाँडफाड गरिएको छ। साधारण सेयर पनि बाडफाँड भइसकेको छ।

विद्युत विकास विभागले २०६४ मा जनेरेशन लाइसेन्स (निर्माण अनुमति) दिएको थियो। नेपाल विद्युत् प्राधिकरणले २२० केभी कालीगण्डकी करिडोर प्रशारण लाइन र दाना सब स्टेशन बनाउन ढिलाई गर्दा आयोजना नौ वर्षपछि निर्माण शुरु भएको थियो।

मिस्ट्रीखोला म्याग्दीमा हालसम्म निर्माण भएका र निर्माणाधिन अवस्थामा रहेकामध्ये सबैभन्दा ठूलो आयोजना हो । नारच्याङमा-२ मेगावाट क्षमत्ताको तातोपानी साना जलविद्युत् आयोजना सञ्चालनमा छ । पाच मेगावाटको घलेम्दीखोलाले २०७६ माघ महिनादेखि उत्पादन शुरु गरेको छ। अन्नपूर्ण-३ दानादेखि पर्वतको खुर्कोट जोड्ने ३९ किलोमिटर दुरीको २२० केभी क्षमताको विद्युत् प्रशारण लाइन गत माघमा निर्माण सकिएको थियो। माउन्टेन इनर्जीले यसअघि नुवाकोटमा ५ मेगावाटको तादी खोलाको निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइसकेको छ। मिस्ट्री खोलाबाट विद्युत् उत्पादन भई निस्कने पानीको उपयोग हुने गरी मिस्ट्री खोला-२ क्यासकेड आयोजना पनि कम्पनीले निर्माण गर्दैछ।

# चिकित्सक, आइसियु र भेण्टिलेटरविहीन मुस्ताङ

– तारानाथ आचार्य
बागलुङ, ३१ बैशाख

अघिल्लो पटक कोरोनाको असर नदेखिएको हिमाल पारीको जिल्ला मुस्ताङमा दोस्रो भेरिएन्टको प्रभाव देखा परेसँगै स्थानीयवासीमा त्रास फैलिएको छ । मुस्ताङमा कोरोना महामारीको दोस्रो लहरका ८९ जना सङ्क्रमित छन् । जिल्लाको चारवटै गाउँपालिकामा सङ्क्रमित पुगेका छन् ।

सङ्क्रमितमध्ये अधिकांशमा लक्षण रहेको र धेरैलाई अक्सिजनको आवश्यकता रहेको स्वास्थ्य कार्यालयले जनाएको छ। "यहाँ उच्च सजगता अपनाइएकै हो, अहिले लक्षणसहितका सङ्क्रमितको सङ्ख्या बढ्दो छ" स्वास्थ्य कार्यालय मुस्ताङका प्रमुख टीकाराम भण्डारीले भन्नुभयो, "सङ्क्रमितलाई उच्च निगरानीमा होम आइसोलेसन र अस्पतालमा राखिएको छ।"

मुस्ताङ अस्पतालमा छ शैयाको आइसोलेसन बनाइएको छ। ती छ वटै शैयामा अक्सिजनको व्यवस्था रहेको भएपनि भेण्टिलेटर र सघन उपचार कक्ष भने छैन। भेण्टिलेटर र सघन उपचार कक्ष नरहेका कारण चुनौतीबीच कोरोनाको सामना गरिरहेको सहायक प्रमुख जिल्ला अधिकारी जगदीश अर्यालले बताउनुभयो।

सामान्य समयमा समेत बाहिरी जिल्लाबाट मुस्ताङका विभिन्न स्थानमा भ्रमणको लागि पुग्ने सर्वसाधारणको लागि अक्सिजनको कमी हुने मुस्ताङले अहिले कोरोनासँग जुध्न अक्सिजनको समस्या टड्कारो बनेको छ। "स्थानीय तहमा पनि आइसोलेसन बनेका छन् तर अक्सिजन पुर्‍याउन सकिएको छैन्" सहायक प्रजिअ अर्याल भन्नुहुन्छ, "जनसङ्ख्या थोरै भएर के गर्नु छिरोलिएको ठूलो जिल्ला भएकाले व्यवस्थापनमा कठिन भैरहेको छ ।" मुस्ताङमा १३ हजारको हाराहारीमा जनसङ्ख्या छ।

महामारीको दोस्रो लहर शुरु हुँदादेखि नै सतर्कता अपनाएको मुस्ताङले महामारीको लहरलाई रोक्न भने सकेन। पहिलो चरणको कोरोनाको प्रभाव कम भएपछि जिल्लामा आन्तरिक पर्यटकको निकै चहलपहल बढेको थियो । यस अवधिमा नेपालमा रहेका विदेशी संस्थाका कर्मचारीदेखि नेपाल भ्रमणमा आएका विदेशी पर्यटकको जिल्ला आवतजावतका कारण कोरोना भित्रिएको प्रशासनको ठम्याइ छ।

दुई/चार दिन घुम्नेलाई रमाइलो लागे पनि बाह्रै महिना कष्टकर जीवन बिताएका मुस्ताङवासीलाई अहिले कोरोनाको कहरले झन पिरोलिरहेको छ । स्थानीय सर्वसाधारणभन्दा देशका अन्य जिल्ला र विदेशी पर्यटकको आवागमन धेरै हुने गर्दछ । कोरोनाको पहिलो लहर चल्ने बेला मुस्ताङ निकै कठोर बनेर रोगको सङ्क्रमणलाई रोक्न सफल भएको थियो। पहिलो चरणमा बिदामा घर हिँडेका कर्मचारी हुन् वा कामको सिलिसिलमा मुस्ताङ बाहिर निस्केका सर्वसाधारणले १४ दिन क्वारेन्टाइन बस्नुपर्ने बाध्यात्मक व्यवस्था जिल्लाभर गरिएको थियो। निकै कठोर बनेर जिल्लालाई सुरक्षित र सजग राखेको मुस्ताङले अहिले कोरोना महामारीको दोस्रो लहरसँग पौंठेजोरी खेलिरहेको छ।

अहिले कोरोनाको दोस्रो भेरिएन्टको प्रभाव बढेपछि मुस्ताङ प्रवेशका लागि सिमित नाकाहरू मात्रै सञ्चालनमा छन् । नाकाहरूमा पहिलेदेखि नै कडाइ गरेको भए महामारीको कम प्रभाव पर्ने स्थानीयवासीको भनाइ छ।

महामारीको दोस्रो लहरले पहिलोपटक केही दिन पहिला मुस्ताङकी एक महिलाको मृत्यु भएको थियो। सङ्क्रमित महिलाको उपचारका क्रममा मृत्यु भएपछि जिल्लाका सम्बन्धित निकाय, स्थानीय निकाय र स्थानीयवासी सजग बनेका छन् । "हामीकहाँ अक्सिजन प्लान्ट छैन्, बाहिरबाट भरेर ल्याउँदा यही अवस्थामा सङ्क्रमण फैलिँदा कठिन छ" अर्याल भन्नुहुन्छ, "यो अवस्थाको मूल्याकङ्न गरेर हामीले निशेधाज्ञा गरेका छौं।"

जिल्लाभर एक जना समेत चिकित्सक नरहेका कारणले पनि बिरामीको उपचारमा समस्या भैरहेको स्वास्थ्य कार्यालयका प्रमुख भण्डारी बताउनुहुन्छ । "हामीसँग जनशक्तिको पनि अभाव छ, विषेशज्ञ डाक्टर छैनन्, स्वास्थ्यकर्मी पनि चाहिने जति छैनन्" भण्डारीले भन्नुभयो।

यहाँका आइसोलेसनमा उपचरा गराइरहेका छ जना अहिलेसम्म बाहिरी जिल्ला पठाइएका छन् । श्वासप्रश्वासमा समस्या भएपछि 'हाइकेयर युनिट'मा उपचार गर्न सकिने बिरामी समेत पोखरा, काठमाडौँ पठाउनु परेको अर्यालले बताउनुभयो। "एचडियु मात्रै भएको भए धेरै सहज हुने थियो" अर्याल भन्नुहुन्छ, "सबै कुराको अभाव छ यहाँ ।" कोरोनाको सङ्क्रमणबाट गम्भीर स्वास्थ्य समस्या भएका छ जनाले मुस्ताङबाट हेलिकप्टर चडेर पोखरा काठमाडौँलगायतका शहरका अस्पतालमा पुगेर ज्यान बचाएका छन् भने अरु सबै सङ्क्रमितको मुस्ताङमै उपचार भैरहेको छ।

# अक्सिजनसहित सय शय्याको आइसोलेशन बनाउँदै प्रदेश सरकार

पोखरापत्र संवाददाता
बागलुङ, ३१ बैशाख

धौलागिरि अस्पतालमा कोरोना सङ्क्रमितका लागि शैया थप्न गण्डकी प्रदेश सरकारले बजेट व्यवस्थापन गरेको छ । सामाजिक विकास मन्त्रालयले कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि अस्पतालको क्षमता बढाउन रकम निकासा गरेको जनाएको छ।

धौलागिरि अस्पतालमा अहिले ३७ सङ्क्रमितको उपचार भइरहेको छ तर अस्पतालको आइसोलेशन क्षमता भने जम्मा २५ शय्याको छ । त्यससँगै तीन आइसीयु र दुई भेन्टिलेटर मात्रै छन् । जनशक्तिको अभाव खड्किरहेको सन्दर्भमा अस्पतालमा शय्या अभाव र अवस्था थप जटिल भएपछि केहीलाई पोखरा काठमाडौँ हेलिकप्टरमार्फत पठाइएको छ भने कम समस्या भएका बिरामीलाई बागलुङ नगरपालिकाले रातमाटामा निर्माण गरिएको आइसोलेशनमा राखिएको छ । छत्तीस शय्याको अक्सिजनसहितको रातमाटाको आइसोलेशनमा अहिले आठ सङ्क्रमित रहेको नगरप्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो।

अस्पतालमा अक्सिजनसहितको थप १०० शय्या सेवा विस्तारका लागि प्रदेश सरकारले यही वैशाख २७ गते रु ६० लाख निकासा गरी अख्तियारी पठाएको सामाजिक विकास मन्त्रालयका डा रामबहादुर केसीले बताउनुभयो । उहाँले अस्पतालमा तत्कालका लागि कोरोना नियन्त्रण गर्न उक्त रकम निकासा गरेको पत्र अस्पतालमा पठाउनुभएको थियो । पत्र प्राप्त भई कार्यान्वयनको तयारी थालेको अस्पतालले जनाएको छ।

कोरोना रोकथाम, नियन्त्रण र उपचार कोष सञ्चालक समितिको निर्णयानुसार अस्पतालमा पिसिआर परीक्षणको दायरा बढाउन, शय्या व्यवस्थापन तथा निर्माण, अक्सिजन मर्मत र जडानका लागि रु ६० लाख विनियोजन भएर अख्तियारी आएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष केबी राना मगरले जानकारी दिनुभयो। मुस्ताङ, म्याग्दी, पर्वत र बागलुङको स्वाब परीक्षणका लागि धौलागिरि अस्पतालको पिसिआर परीक्षण कम्तीमा दुई चरणमा गर्न आवश्यक पर्ने कम्प्युटर सफ्टवेयर जडान गर्न रु पाँच लाख र परीक्षणका लागि आवश्यक किट खरिदका लागि रु १५ लाख बजेट आएको छ । यस्तै अस्पतालमा गण्डकी प्रदेशकै बजेटमा दुई वर्षदेखि सञ्चालित अक्सिजन प्लान्ट मर्मतसंभारका लागि रु १० लाख, अस्पतालको सि ब्लकमा १०० शय्याको आइसोलेशन कक्ष बनाउन र व्यवस्थापन गर्न रु २० लाख र उक्त शय्यामा अक्सिजन प्लान्टको पाइपलाइन जडानका लागि रु १० लाख गरी जम्मा ६० लाख रकम पठाइएको प्रदेश सरकारले जनाएको छ । प्रदेशको उपप्रादेशिक अस्पताल बनाउनका लागि यसअघि अस्पताललाई १०० शय्या उपलब्ध भए पनि स्थान अभावका कारण थन्किएका थिए। सात वर्षदेखि सम्पन्न हुन नसकेको अस्पताल भवनमा अस्थायीरूपमा भए पनि शय्या व्यवस्थापन गर्न रकम आएको र यसको कार्यान्वयनका लागि आवश्यक प्रक्रिया थालेको अध्यक्ष राना मगरले बताउनुभयो।

अस्पतालमा भने जनशक्तिको अभाव कायमै रहेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा शैलेन्द्र बिक पोखरेलले जानकारी दिनुभयो । उहाँले पिसिआर प्रयोगशाला दुई चरणमा सञ्चालनका लागि पर्वत, म्याग्दी र मुस्ताङका एक/एक जना ल्याव टेक्निसियन प्रदेश सरकारले पठाए पनि अहिलेसम्म नआएको बताउनुभयो। यस्तै प्रदेश सरकारले सि ब्लकको भुइँ तलामा मात्रै आइसोलेसन कक्ष बनाउन भनेको छ।

# एसइई परीक्षाबारे चाँडै निर्णय गरिने

रासस
काठमाडौं, ३१ बैशाख

नवनियुक्त शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री कृष्णगोपाल श्रेष्ठले कोभिड-१९ को महामारीका कारण स्थगन भएको संवत् २०७७ को माध्यमिक शिक्षा परीक्षा (एसइई), कक्षा १० को ढाँचाबारे चाँडै टुङ्गोमा पुगिने जनाउनुभएको छ। गत वर्ष सम्बन्धित विद्यालयाई आन्तरिक मूल्याङ्कन गराई प्रमाणीकरण गरिएको थियो।

मन्त्री श्रेष्ठले शुक्रबार सिंहदरबार स्थित कार्यकक्षमा पद बहालीपछि निर्देशन दिँदै महामारी रोकथाममा शिक्षा क्षेत्रले गर्न सक्ने सहयोगका विषयमा पनि चाँडै छलफल गरिने जनाउनुभयो। मन्त्री श्रेष्ठले प्राविधिक शिक्षा तथा वयावसायीक तालिम परिषद् (सिटिइभिटीको) सन् २०२१-२०२५ को पाँच वर्षे रणनीतिसम्बन्धी अध्ययन गर्न कार्यदल बनाउने विषयको फाइलमा हस्ताक्षर गरी बहाली गर्नुभएको हो। मन्त्री श्रेष्ठलाई मन्त्रालयका सचिवहरू रामप्रसाद थपलिया र डा सञ्जय शर्मालगायतले स्वागत गर्नुभएको थियो।

# देशको चिन्ता



नरबहादुर विक
भद्रकाली मावि
कक्षा ११

देश निराश भएको छ आज
झन्डा झुकेको छ आज।
संस्कृति र परम्परा लुकेको छ आज
मानिसको जीवन मूल्यमा बिकेको छ आज।
देश गरिवी तर्फ धकेलिदैं छ
वरोजगार होइन स्वरोजगार बनौं।
एक थोपा पसिना आफ्नै देशमा बगाइ
देशलाइ बिक्री र माहामारीबाट बचाऔं
कृषि प्रधान देश भनि नामले होइन कामले चिनाऔं।
हरियो वन नेपालको धन मात्र भन्छौ
वन विनास हुनवाट जोगाऔं।
विदेशीएका नेपाली स्वदेश मै फर्क
तव हिमाल मुस्कुराउँछ।
आफ्नै देशमा केही गरी देशलाइ विश्वमा चिनाए
तव झण्डा फर्फराउँछ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : शारिरीक झमेला |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : मन चञ्चल | धनु | : झमेला बढ्ने |
| ककर्ट | : आर्थिक समस्या | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : कार्यमा सफलता |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# कोभिडसँग जुध्न तीन लाखको कोष, सहयोगको अपिल

पोखरापत्र संवाददाता
दमौली, ३१ बैशाख

तनहुँ उद्योग वाणिज्य सङ्घले कोभिड-१९ को न्यूनीकरण र व्यवस्थापनका लागि रु तीन लाख पाँच हजारको कोष स्थापना गरेको छ। सङ्घको पदाधिकारी बैठकले विभिन्न बजार एकाइ समिति, महिला उद्यमी विकास समितिको संयुक्त प्रयासमा उक्त कोष स्थापना गरेको हो।

महाविपत्तिको घडीमा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधि, निजामती कर्मचारी, स्वयंसेवीलगायत सबैको उत्साह, आत्मबल र सेवाको भावना अभिवृद्धि गर्न, सामूहिक आइसोलेशनकक्ष निर्माण तथा स्वास्थ्य सामग्री व्यवस्थापनका लागि उक्त कोष स्थापना गरिएको सङ्घका अध्यक्ष पविन्द्रकुमार श्रेष्ठले जानकारी दिनुभयो। कोषमा सहयोग गरिदिन सङ्घले उद्योगी व्यवसायी, देश तथा विदेशमा रहेका शुभचिन्तक, विभिन्न सङ्घसंस्थालाई आग्रह गरेको छ । सङ्घले सङ्कटको घडीमा अत्यावश्यक सामग्रीको सहज तथा सुलभ बिक्री वितरण र बजार व्यवस्थापनप्रति प्रतिबद्ध रहेको जनाएको छ । सम्पूर्ण उद्योगी व्यवसायीबाट अत्यावश्यक वस्तुको ढुवानी तथा बिक्री वितरणमा सकारात्मक भूमिका निर्वाह भएको अवस्थामा सम्पूर्ण व्यवसायी महामारी निराकरणका लागि सहयोग गर्न तत्पर रहेको जनाएको छ। सङ्घले खडा गरेको कोषमा सहयोग रकम जुट्न थालेको छ। सङ्घले बुधबार स्थापना गरेको कोषमा जिल्लाका व्यवसायीले सहयोग थालेका हुन् । सङ्घका अध्यक्ष श्रेष्ठका अनुसार कोभिड व्यवस्थापन महाअभियानका लागि सङ्घका कोषाध्यक्ष दिनेशकुमार श्रेष्ठबाट रु १० हजार ७२६, व्यास-३ निवासी व्यवसायी बानेश्वर मल्लबाट रु १० हजार १००, व्यास-३ निवासी पुस्तक व्यवसायी सुमन भट्टराईले रु १० हजार ५०० र व्यास-२ निवासी वीर बस्यालबाट रु पाँच हजार ५५५ प्राप्त भएको छ।

# स्थानीय तहले बनाए ११६ शैयाको आइसोलेशन

पोखरापत्र संवाददाता
दमौली, ३१ बैशाख

पछिल्लो केही दिनयता तनहुँमा दैनिकरूपमा कोरोना सङ्क्रमित बढ्न थालेपछि स्थानीय तह र अस्पतालले ११६ शय्याको आइसोलेशन तयार पारेका छन्। कोरोना सङ्क्रमित थपिएसँगै जिल्लास्थित स्थानीय तह र अस्पतालले आइसोलेशन शय्या तयार पारेका हुन्।

जिल्ला स्वास्थ्य कार्यालय तनहुँका अनुसार जिल्लाभर ११६ आइसोलेशन कक्ष तयार गरिएको छ । प्रत्येक पालिकामा कम्तीमा पाँच शय्याको आइलोशनकक्ष तयार गरिएको जिल्ला स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शङ्करबाबु अधिकारीले जानकारी दिनुभयो । शुक्लागण्डकी नगरपालिका बेलचौतारास्थित जिपीकोइरालाराष्ट्रियश्वासप्रश्वास उपचार केन्द्रमा ३० शय्याको आइसोलेशनकक्ष तयार गरिएको छ । हरेक शय्यामा पाइपमार्फत अक्सिजन पुर्‍याइएको छ । आइसोलेशनमा ५५ थान अक्सिजन सिलिण्डर मौज्दात रहेको उपचार केन्द्रका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठले जानकारी दिनुभयो । सदरमुकामस्थित दमौली अस्पतालमा १६ शय्याको आइसोलेशनकक्ष तयार गरिएको छ । अस्पतालमा तीन आइसीयू र चार भेन्टिलेटरसमेत छ। अस्पतालमा ३० वटा अक्सिजन सिलिण्डर रहेको अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा सुनिल पौडेलले जानकारी दिनुभयो। अस्पतालले पाँच कोरोना सङ्क्रमितको उपचार गरिरहेको छ । बन्दीपुर गाउँपालिकामा १५ शय्याको आइसोलेशन कक्ष तयार गरिएको छ। आँबुखैरेनीमा १२ शय्याको आइसोलेशन कक्ष तयारी गरिएको छ । भानुमा पाँच शय्याको आइसोलेशन तयार गरिएको छ भने नौ सिलिन्डर अक्सिजन र एउटा एम्बुलेन्स तयारी अवस्थामा राखिएको छ। त्यसैगरी भिमादमा आठ शय्याको आइसोलेशन कक्ष तयार गरिएको छ। म्याग्देमा पाँच शय्याको आइसोलेशन कक्ष तयार गरिएको छ। ऋषिङमा पाँच शय्याको आइसोलेशन तयार गरिएको छ। शुक्लागण्डकी नगरपालिकाले १० शय्याको आइसोलेशन तयार गरेको छ। त्यहाँ सात वटा सिलिण्डर मौज्दात छ भने चारवटा एम्बुलेन्स तयारीमा राखिएको छ।

व्यास नगरपालिकाले कृषि विकास बैंकको भवनमा ५० जना क्षमताको सामूहिक आइसोलेशन बनाएको नगरप्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो । घरमा बस्न नमिल्ने तथा विपन्न आर्थिक अवस्थाका सङ्क्रमितलाई राख्नका लागि नगरपालिकाले सामूहिक आइसोलेशन बनाएको हो।

# आइसोलेशनका लागि व्यासले नियुक्त गर्‍यो चिकित्सक

**पोखरापत्र संवाददाता**
**दमौली, ३१ बैशाख**

तनहुँको व्यास नगरपालिकाले कृषि विकास बैंकको भवनमा सञ्चालन गरेको आइसोलेशनका लागि एमबिबीएस चिकित्सक नियुक्त गरेको छ। आइसोलेशनमा बस्ने सङ्क्रमितको उपचारका लागि नगरपालिकाले चिकित्सक नियुक्त गरेको हो।

नगरपालिकाले कृषि विकास बैंकको भवनमा ५० जना बस्न मिल्ने गरी आइसोलेशन तयार गरेको छ। घरमा बस्न नमिल्ने तथा विपन्न आर्थिक अवस्थाका सङ्क्रमितलाई राख्नका लागि नगरपालिकाले सामूहिक आइसोलेशनबनाएकोनगरप्रमुखबैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो। उक्त आइसोलेशनमा प्रारम्भिक परीक्षण र अक्सिजनसमेतको व्यवस्थापन गरिनेछ। जटिल बिरामीलाई अस्पतालसम्म पुऱ्याउने कार्यका लागि निःशुल्क एम्बुलेन्सको समेत व्यवस्थापन भइसकेको न्यौपानेले बताउनुभयो। "सामान्य सङ्क्रमितलाई वडाका स्वास्थ्य फोकल व्यक्तिको निगरानीमा होम आइसोलेशनमा राख्छौं, घरमा बस्ने वातावरण नभएका र विपन्न वर्गका सङ्क्रमितलाईराख्नआइसोलेशनको व्यवस्थापन गरेका छौं", न्यौपानेले भन्नुभयो।

यसैबीच नगरपालिकाले कोभिड-१९ को विरुद्ध नगर क्षेत्रमा सञ्चालन गरेको अभियानको प्रभावकारिता सम्बन्धमा समीक्षा गर्ने क्रम शुरु गरेको छ। नगरपालिकाले हरेक दिन बिहान ८:३० बजे अभियानको समीक्षा गर्न शुरु गरेको हो। नगरप्रमुख वैकुण्ठ न्यौपानेको संयोजकत्वमा, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित वडाका वडाध्यक्ष र स्वास्थ्य प्रमुखको उपस्थितिमा समीक्षा गर्न शुरु गरेको नगरपालिकाले जनाएको छ।

नगरपालिकाले कोभिड-१९ का लागि आवश्यक औषधिजन्य एवं अन्य स्वास्थ्य उपकरण उपलब्ध गराइदिन एसओएस बालग्राम र गोरखा वेलफेयर ट्रष्टमा सहयोगका लागि अनुरोध गरेको छ। हरेक दिन हुने समीक्षाका क्रममा वडा एवं नगरस्तरमा कोभिड-१९ का विरुद्ध सञ्चालन गरिएका कार्यक्रम, त्यसको प्रभावकारिता, नगरवासीबाट आएको गुनासोलाई कार्यान्वयन गर्न चाल्नुपर्ने कदमलगायतका विषयमा छलफल गर्ने गरिएको छ।

# १७० सिलिण्डर मौज्दात

**पोखरापत्र संवाददाता**
**दमौली, ३१ बैशाख**

तनहुँ जिल्लामा १७० अक्सिजन सिलिण्डर मौज्दात रहेको स्वास्थ्य कार्यालयले जनाएको छ।

कोभिड सङ्क्रमित दिनदिनै बढेको र कुनै पनि बेला अक्सिजन चाहिन सक्ने भएकाले स्थानीय तहले अक्सिजनको व्यवस्थापन गरेका छन्। तर उक्त सङ्ख्या अझ पनि पर्याप्त रहेको छैन।

भानु नगरपालिकामा तीन, दमौली अस्पतालमा ३०, शुक्लागण्डकी नगरपालिकामा सात, जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा ५५, भिमाद नगरपालिकामा १०, म्याग्दे गाउँपालिकामा १०, घिरिङ गाउँपालिकामा एक, ऋषिङ गाउँपालिकामा तीन, देवघाट गाउँपालिकामा नौ, बन्दीपुर गाउँपालिकामा २३ र आँबुखैरेनी गाउँपालिकामा १६ थान अक्सिजन सिलिण्डर व्यवस्थापन गरिएको छ।

# वैशाखमा मात्रै डेढ लाख कोरोना संक्रमित थपिए

**रासस**
**काठमाडौं, ३१ बैशाख**

वैशाखमा मात्रै नेपालमा कोरोना भाइरसबाट डेढ लाखभन्दा बढी व्यक्ति सङ्क्रमित भएका छन्। वैशाख १ गतेसम्म कोरोना सङ्क्रमितको सङ्ख्या तीन लाख सात हजार ९२५ थियो। सो सङ्ख्या बढेर आज चार लाख ३९ हजार ६५८ पुगेको छ। एक महिनाको अवधिमा मात्रै एक लाख ५८ हजार ७१ कोरोना सङ्क्रमित थपिएका छन्।

वैशाख १ गते एकैदिन कोरोनाबाट ६०३ जना सङ्क्रमित भएकामा आज एकैदिन सङ्क्रमितको सङ्ख्या आठ हजार ५२० पुगेको छ। योसँगै नेपालमा कोरोना भाइरसबाट सङ्क्रमितको सङ्ख्या चार लाख ३९ हजार ६५८ पुगेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमका अनुसार पछिल्लो २४ घण्टामा २० हजार ९४८ जनाको पिसिआर परीक्षण तथा ५३० जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको थियो। वैशाख १ गतेसम्म पिसिआर परीक्षण गराउनेको सङ्ख्या २२ लाख ३६ हजार ५२६ जना थियो भने आज सो सङ्ख्या बढेर २७ लाख ३३ हजार ५१० पुगेको छ। वैशाखमा मात्रै चार लाख ९६ हजार ९८४ जनाको पिसिआर परीक्षण गरिएको छ।

वैशाख महिनामा कोरोनाबाट निको हुनेको सङ्ख्या ४९ हजार ४७ रहेको छ। कोरोना भाइरसबाट आजसम्म मुक्त हुनेको सङ्ख्या तीन लाख २७ हजार ६५३ पुगेको छ। उक्त सङ्ख्या वैशाख १ गते दुई लाख ७८ हजार ५०६ रहेको थियो। पछिल्लो २४ घण्टामा देशभर छ हजार १३५ सङ्क्रमित निको भएर घर फर्किएका छन्। सक्रिय सङ्क्रमितको सङ्ख्या देशभर ह्वात्तै बढेको छ। वैशाख १ गते सक्रिय सङ्क्रमित चार हजार ५६ जना रहेकामा हाल उक्त सङ्ख्या बढेर एक लाख सात हजार ३३६ पुगेको मन्त्रालयले जनाएको छ।

हाल देशभर एक हजार ७०५ सङ्क्रमितको आइसियु र भेन्टिलेटरमा उपचार भइरहेको मन्त्रालयले जनाएको छ। एक हजार ३३४ सङ्क्रमितको आइसियुमा तथा ३७१ सङ्क्रमितको भेन्टिलेटरमा राखी उपचार भइरहेको छ। सबैभन्दा बढी वाग्मती प्रदेशमा ५४२ सङ्क्रमित आइसियुमा तथा २२० सङ्क्रमित भेन्टिलेटरमा छन्। काठमाडौं उपत्यकामा मात्रै १८५ सङ्क्रमितको आइसियुमा तथा १०५ सङ्क्रमितको भेन्टिलेटरमा राखी उपचार भइरहेको छ।

**काठमाडौँ उपत्यकामा सङ्क्रमित ह्वात्तै बढे**

काठमाडौँ उपत्यकामा कोरोना सङ्क्रमितको सङ्ख्या ह्वात्तै बढेको छ। वैशाख १ गते उपत्यकामा सङ्क्रमितको सङ्ख्या २५४ रहेको थियो। सो सङ्ख्या हाल बढेर तीन हजार ३४९ पुगेको छ। पछिल्लो २४ घण्टामा काठमाडौँमा दुई हजार ४५८, ललितपुरमा ५५६ तथा भक्तपुरमा ३३५ सङ्क्रमित थपिएको मन्त्रालयले जनाएको छ।

**वैशाखमा एक हजार ६०८ जनाले ज्यान गुमाए**

वैशाखमा मात्रै कोरोनाबाट एक हजार ६०८ जनाले ज्यान गुमाएका छन्। वैशाख १ गतेसम्म कोरोनाबाट तीन हजार ६१ को मृत्यु भएकामा आज सो सङ्ख्या बढेर चार हजार ६६९ पुगेको छ। पछिल्लो २४ घण्टामा नेपालमा कोरोना भाइरसको सङ्क्रमणबाट २०३ ले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ। वैशाख १ गते तीन सङ्क्रमितको मृत्यु भएको थियो। वैशाख १४ गते एकैदिन १८ जनाको मृत्यु भएको थियो।

# सातु, सर्वत दान एवं सेवन गरी मनाइँदै अक्षय तृतीया

**रासस**
**काठमाडौं, ३१ बैशाख**

प्रत्येक वर्ष वैशाख शुक्ल तृतीयाका दिन मनाइने अक्षय तृतीया पर्व आज सातु र सर्वत दान एवं सेवन गरी मनाइँदैछ।

शास्त्रीय विधानअनुसार आज सबेरै उठी घर लिपपोत गर्नाका साथै स्नान गरेर पूजा सामान तयार पारी सङ्कल्प गरिन्छ। दियो, कलश र गणेशलाई पूजा गरी कलशमाथि अष्टदल लेखेको तामाको थाली राखी अष्टदलमा भगवान् विष्णुको सोह्र सामग्रीद्वारा पूजा गरिन्छ। पुरोहितलाई पनि पुजेर शुद्ध जल तामा वा माटाका भाँडामा राखी दालचिनी, ल्वाङ, सुकुमेल, अलैंची, मह, चिनी, सख्खर र मिश्री मिसाएर सर्वत बनाई घडा र जौंको सातु दान गर्ने वैदिक सनातनी परम्परा छ।

यस दिन गरेको स्नान, दान, ध्यान, जपलगायत पुण्यकर्म कहिल्यै नाश नहुने कुरा विभिन्न पुराणमा वर्णन गरिएको छ। जौंको सातु र सर्वत वैशाखको गर्मीमा अमृत समान हुने भएकाले दान गर्ने र आफूले पनि खाने वैदिककालदेखिको परम्परा हो।

गर्मीबाट शरीरलाई बचाउन दुवै चिजले सहयोग गर्ने र यसबाट शक्तिसमेत प्राप्त हुने धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा डा रामचन्द्र गौतम बताउनुहुन्छ। शरीरमा रोग प्रतिरोधात्मक क्षमता बढाउन पनि यसले सहयोग गर्ने जनाइएको छ। कोभिड-१९ को सङ्क्रमण तीव्ररूपमा फैलिएका बेला सातु र सर्वतले मानव शरीरमा रोग प्रतिरोधी क्षमता वृद्धि गर्ने आयुर्वेदका चिकित्सकको भनाइ छ। "वैशाख शुक्ल तृतीयाका दिन थोरै दान गरे पनि धेरै फल प्राप्त हुने र यो अक्षय अर्थात् कहिल्यै नाश नहुने भएकाले आजको दिनलाई अक्षय तृतीया भनिएको हो, 'शरीरमाद्यं खलु धर्मसाधनम्' अर्थात् पहिले शरीरको रक्षा गर अनि मात्र धर्मको साधना गर भन्ने उक्तिलाई पनि यसले चरितार्थ गर्छ", उहाँले भन्नुभयो।

आजको दिन दान गरिने घडालाई धर्मघटादि दान पनि भनिन्छ। आज बूढाबूढीलाई छाता, लौरो र कपडाका जुत्ता दान गर्ने तथा गच्छे भए गाई, जमिन, अन्न र सुन पनि सत्पात्र ब्राह्मणलाई दान दिने चलन छ। यस्तो दान असहाय एवं विपन्न वर्गलाई पनि गरिन्छ। सत्य युगमा आजकै दिन आराध्यदेव महादेव र हिमालयकी छोरी पार्वतीको विवाह भएको विश्वास गरिन्छ। यसैले विवाहका लागि आज लग्न तथा साइत हेर्नु नपर्ने मान्यता पनि छ। त्रेतायुगको प्रारम्भ पनि आजकै दिनदेखि भएको शास्त्रीय वचन छ। यस दिन गरेको शुभ कामबाट अक्षय अर्थात् कहिल्यै नाश नहुने फल प्राप्त हुने हुँदा यस तिथिलाई अक्षय तृतीया भनिएको हो।

परशुराम जयन्ती

अक्षय तृतीयाकै दिन जन्मनुभएका परशुराम ऋषिको जन्मजयन्ती पनि आजै मनाइन्छ। अष्टचिरञ्जीवीमध्येका एक परशुराम तृतीयाका दिन बेलुकी जन्मिएको विभिन्न पौराणिक ग्रन्थमा उल्लेख गरिएको छ। परशुराम भगवान् विष्णुको छैटौं अवतारका रूपमा जन्मनुभएको हो।

ऋषि जमदग्नि र रेणुकाका पुत्र परशुरामले पिता जमदग्निको आदेशमा माता रेणुकाको हत्या गरेको समेत ती ग्रन्थमा व्याख्या गरिएको छ। पिता जमदग्निले परशुरामलाई वर माग भनेपछि मातालाई जीवित गरी मारेको कुरा अरुले थाहा नपाऊन् भनी मागेको उल्लेख गरिएको छ।

अष्टचिरञ्जीवीमध्येका एक परशुरामले पिता जमदग्निको हत्या भएपछि २१ पटक ब्रह्माण्ड घुमी विश्वभरका क्षेत्रीको हत्या गर्नुभएको थियो। क्षेत्रीयमा अहङ्कार बढ्न थालेपछि साधुको रक्षा गरी दुर्जनलाई मार्नकै लागि भगवान् विष्णुको छैटौं अवतारका रूपमा उहाँले जन्म लिनुभएको वर्णन पनि पौराणिक ग्रन्थमा गरिएको धर्मशास्त्रविद् गौतम बताउनुहुन्छ। राजा कार्तवीर्यका सबै छोराको हत्या परशुरामले नै गर्नुभएको थियो।

# टिपरको ठक्करबाट मृत्यु

**पोखरापत्र संवाददाता**
**तनहुँ, ३१ बैशाख**

टिपरको ठक्करबाट गए राति तनहुँमा नेपाली सेनाका प्युठ सुरज बुढाथोकीको मृत्यु भएको छ।

दोलखा जिल्ला घर भई हाल इञ्जिनीयरिङ पल्टन पोखरा एयरपोर्टमा कार्यरत २७ वर्षीय बुढाथोकीको उपचारका क्रममा मृत्यु भएको हो। सोही मोटरसाइकलमा सवार एक जना सख्त घाइते भएको प्रहरीले जनाएको छ। जिल्लाको डुम्रेबाट आँबुखैरेनीतर्फ जाँदै गरेको वाग्मती प्रदेश-२-०१८प ७८९३ नंको मोटरसाइकललाई विपरीत दिशामा गुडिरहेको ग१क २८७७ नंको टिपरले आँबुखैरेनी गाउँपालिका-२खानीखोलास्थित पृथ्वीराजमार्गमा ठक्कर दिँदा सो दुर्घटना भएको हो।

टिपरले बिहीबार साँझ मोटरसाइकलाई ठक्कर दिँदा गम्भीर घाइते भएका चालक बुढाथोकीको तत्कालै उद्धार गरी पुरानो मेडिकल अस्पताल भरतपुर लगिएकामा उपचारका क्रममा भएको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ। उक्त मोटरसाइकलमा पछाडि सवार रामेछाप जिल्ला गोकुलगङ्गा-४ बस्ने सोही पल्टनमा कार्यरत सिपाही २० वर्षीय अनिल खड्काको सोही अस्पतालमा उपचार भइरहेको छ। उनको अवस्था पनि गम्भीर रहेको प्रहरीले जनाएको छ। मोटरसाइकलाई ठक्कर दिई फरार रहेको टिपरलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सेनाले जानकारी दिनुभयो।

# विवाहभोज खाएपछि संक्रमण, एकै घरका तीनको मृत्यु

**पोखरापत्र संवाददाता**
**बागलुङ, ३१ बैशाख**

बागलुङको बडिगाड गाउँपालिका-४ मा एकैघरका तीन जनाको कोरोना सङ्क्रमणबाट मृत्यु भएको छ।

उनीहरूको एक हप्ताभित्रै मृत्यु भएको हो। बडिगाड-४ को जलजलामा दुई हप्ताअघि विवाहभोज खाएकाहरू नै सङ्क्रमित भएका थिए। मृत्यु हुनेमा पनि विवाहभोजमा गएका नै रहेको स्थानीयवासीले बताएका छन्।

स्वास्थ्य कार्यालयका अनुसार मृत्यु हुनेमा एकै घरका ८७ वर्षीय बाबु, ५१ वर्षीय र ४० वर्षीय दुई छोरा रहेका छन्। उनीहरूमध्ये ८७ वर्षीय बाबु र ४० वर्षीय छोराको धवलागिरि अस्पताल बागलुङ र ५१ वर्षीय छोराको मणिपाल शिक्षण अस्पताल पोखरामा मृत्यु भएको स्वास्थ्य कार्यालय बागलुङका कोभिड फोकल पर्सन देवप्रकाश घिमिरेले बताउनुभयो। एक हप्ताअघि हेलिकोप्टरबाट पोखरा उपचारका लागि लगिएका बडिगाडकै अर्का ४० वर्षीय एक पुरुषको पनि मृत्यु भएको छ।

यस घटनापछि बडिगाडमा सन्त्रास छाएको छ। अधिकांश मानिस डराएका छन्। गाउँपालिकाको स्वास्थ्य शाखाले कम्तीमा १५ दिन घरभित्रै बसिदिन आग्रह गरेको छ। प्रशासनले भने जेठ १५ सम्मका लागि बागलुङ जिल्लाभर निषेधाज्ञा लगाएको छ।

# माटोको ढिस्कोले पुरिएर आमा छोराको मृत्यु

**पोखरापत्र संवाददाता**
**बागलुङ, ३१ बैशाख**

बागलुङको निसीखोला गाउँपालिका-२ फलाँटेचौरमा माटोको ढिस्कोले पुरिएर दुई जनाको मृत्यु भएको छ।

फलाँटेचौरमा घर पोत्ने माटो लिन पुगेका सोही वडास्थित रातमाटाका ३३ वर्षीया भवी कुवँर र उनका छोरा १४ वर्षका सुरेशको पुरिएर मृत्यु भएको वडाध्यक्ष कुविर विश्वकर्माले जानकारी दिनुभयो। घटना दिउँसो साढे दुई बजे भएको हो। मृत्यु हुने एकाघरका आमाछोरा रहेको प्रहरी निरीक्षक विजय भण्डारीले बताउनुभयो। अहिले इलाका प्रहरी कार्यालय झिवाखोलाका प्रहरी प्रमुख जयराम वन्तसहितको टोली घटनास्थलमा पुगेको छ। प्रहरी र स्थानीयवासीको सक्रियतामा माटोले पुरिएका शव निकालिएको प्रहरी निरीक्षक भण्डारीले बताउनुभयो। शव परीक्षण गरी अन्त्येष्टिका लागि तयारी गरिएको बताइएको छ। मृतक भवीका श्रीमान् रोजगारीका क्रममा भारतमा रहेको परिवारले बताएको छ। उहाँका अरु दुई छोरा रहेको स्थानीयवासीले बताएका छन्।

# अन्तिम चरणमा राम्चेखोला मोटरेवल पुल

**पोखरापत्र संवाददाता**
**लमजुङ, ३१ बैशाख**

निर्माणाधीन राम्चेखोला मोटरेवल पुल अन्तिम चरणमा पुगेको छ। बैंसीशहर नगरपालिका-५ नाल्माफेदी रसुन्दरबजारनगरपालिका-११ठूलोश्वाँरा जोड्ने राम्चेखोला मोटरेवल पुलको काम १० प्रतिशत मात्र बाँकी रहेको पूर्वाधार विकास कार्यालयले जनाएको छ।

निर्माणाधीन राम्चेखोला मोटरेवल पुलको हालसम्म ९० प्रतिशत निर्माण कार्य सम्पन्न भएको कार्यालय प्रमुख इन्जिनीयर सुमन गिरीले बताउनुभयो। आरसिसीसहितको पक्की मोटरेवल पुलको कन्सट्रक्शनतर्फको सबै काम सकिएको छ भने यसको फिनिसिङको काम मात्रै बाँकी रहेको उहाँको भनाइ छ। पुल यस आर्थिक वर्षभित्रै निर्माण सम्पन्न गर्ने गरी तीव्र रूपमा निर्माण कार्य भइरहेको छ। चालु आर्थिक वर्षमा सञ्चालनमा रहेका अन्य योजनाभन्दा सो पुल छिटो सम्पन्न हुने पूर्वाधार कार्यालयले जनाएको छ। पच्चीस मिटर लम्बाइ रहेको यस पुलको विसं २०७८ पुस ३० गते निर्माण सम्पन्न गर्ने गरी विसं २०७७ असार ३० गते निर्माण सम्झौता भएको थियो। विसं २०७७ पुस महिनाबाटै पुल निर्माण कार्य थालिएको थियो।

गण्डकी प्रदेश सरकारको रु चार करोड छ लाख ५० हजार ७१९ लागत स्टमेट रहेको उक्त योजनाको पराजुली कन्सट्रक्शन भोर्लेटारसँग रु दुई करोड ६० लाख ७४ हजार ७१९/८४ मा निर्माण सम्झौता भएर निर्माण कार्य शुरु गरिएको पूर्वाधार कार्यालयका प्रमुख इन्जिनीयर गिरीको भनाइ छ।

# सभापति देउवाद्वारा अन्तर्राष्ट्रिय निकायलाई अपिल

**रासस**
**काठमाडौं, ३१ बैशाख**

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले मुलुकभर कोभिड-१९ को सङ्क्रमणले उग्र रूप लिइरहेको विषम परिस्थितिमा मित्रराष्ट्र र अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूलाई आवश्यक सहयोगका लागि अपिल गर्नुभएको छ। साथै उहाँले सरकारसँग भविष्यमा आउन सक्ने जटिल परिस्थितिलाई मध्यनजर गरी सबै जिल्लामा अक्सिजन प्लान्ट र पिसिआर परीक्षण प्रयोगशाला स्थापना गर्न र तत्कालका लागि आवश्यक अक्सिजन, आइसीयू शय्या र खोपलगायतका औषधिको व्यवस्था गर्न माग गर्नुभएको छ।

सभापति देउवाले आज वक्तव्यमार्फत कोभिड-१९ को सङ्क्रमण तीव्र भई देशभरका अस्पतालहरूमा अक्सिजन, भेन्टिलेटर सहितका आइसीयू शय्या र औषधिको अभाव भएको उल्लेख गर्दै सरकार यस विषयमा गम्भीर र जिम्मेवार नदेखिएको आरोप लगाउनुभएको छ।

उहाँले देशमा व्याप्त यस विषम घडीमा सबैमा स्वास्थ्यका मापदण्ड अपनाउन, आफू र आफ्नो परिवारलाई सुरक्षित राख्न अनुरोध गर्दै देशभरिका कांग्रेस सदस्य तथा शुभेच्छुकहरूलाई स्वास्थ सुरक्षाका मापदण्ड अपनाउँदै सङ्कटमा परेकालाई सक्दो सहयोग गर्न अपिलसमेत गर्नुभएको छ।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

